# प्रदेश सभा

## प्रदेश नं. ४

## दोश्रो अधिवेशन

## (सातौं बैठक)

**कार्यवाहीको सम्पूर्ण विवरण**

**मिति : २०७५।०२।२५ गते, साँझ ६:०३ बजे**

प्रदेश सभा गण्डकी प्रदेशको दोश्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय उपसभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा साँझको ६ बजेर ०३ मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब यो बैठकको कारवाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम म माननीय मुख्यमन्त्री श्री पृथ्वी सुव्बा गुरुङलाई माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवर ज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५।७६ को बार्षिक नीति तथा कार्यक्रमको संवोधन प्रति प्रदेश सभा समक्ष टेवुल गर्न अनुमति दिन्छु ।

### माननीय मुख्यमन्त्री श्री पृथ्वी सुव्बा गुरुङज्यू

माननीय सभामुख महोदय, माननीय सभामुखको अनुमतिले नेपालको संविधानको धारा १८४ को उपधारा २ बमोजिम तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली २०७४ को उपनियम नियम ३५ को उपनियम १ बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवर ज्यूले मिति २०७५ जेठ २५ गते यस प्रदेश सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा प्रदेश सभा नियमावलीको नियम ३० को उपनियम १ बमोजिम उक्त नीति तथा कार्यक्रम सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरज्यूलाई प्रदेश सभा प्रदेश नं. ४ को दोश्रो अधिवेशनलाई २०७५ साल जेठ २५ गते का दिन आर्थिक वर्ष २०७५।७६ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको संवोधनको लागि माननीय सदस्य श्री मायानाथ अधिकारीलाई धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री मायानाथ अधिकारीज्यू**

माननीय सभामुख महोदय, नेपालको संविधानको धारा १८४ को उपधारा ३ बमोजिम तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली २०७४ को नियम ३५ को उपनियम १ बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरज्यूले मिति २०७५ जेठ २५ गते यस प्रदेश सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा उहाँप्रति धन्यवाद ज्ञापन गर्न प्रदेश सभा नियमावलीको नियम ३६ को उपनियम २ बमोजिम यो प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।

**माननीय सभामुखज्यू**

अब म माननीय सदस्य श्री गायत्री गुरुङलाई धन्यवादको प्रस्ताव उपर समर्थन गर्न अनुमति दिन्छु ।

**माननीय सदस्य श्री गायत्री गुरुङज्यू**

माननीय सभामुख महोदय, नेपालको संविधानको धारा १८४ को उपधारा २ बमोजिम तथा प्रदेश नं. ४ प्रदेश सभा नियमावली २०७४ को नियम ३५ को उपनियम १ बमोजिम माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरज्यूले मिति २०७५ जेठ २५ गते यस प्रदेश सभामा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएकोमा उहाँप्रति धन्यवाद ज्ञापन गर्न प्रदेश सभा नियमावलीको नियम ३६ को उपनियम २ बमोजिम माननीय श्री मायानाथ अधिकारी ज्यूले गर्नुभएको प्रस्ताव उपर समर्थन गर्दछु ।

धन्यवाद ।

## माननीय सभामुखज्यू

अब म माननीय प्रदेश प्रमुखबाट गरिएको संवोधनलाई माननीय सदस्य श्री मायानाथ अधिकारी प्रस्तावक र माननीय सदस्य श्री गायत्री गरुङ समर्थक भई २०७५ साल जेठ २५ गते का दिन पेश गर्नुभएको धन्यवादको प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस् ।

हुन्छ,,,,,,,,,,,,,,,,,,,,,,,,,,।

हुन्न भन्ने आवाज सुनिएन ,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन, तसर्थ, माननीय सदस्य श्री मायानाथ अधिकारी प्रस्तावक र माननीय सदस्य श्री गायत्री गुरुङ समर्थक भई २०७५ साल जेठ २५ गते का दिन प्रदेश प्रमुख लाई प्रदेशसभाको तर्फबाट गरिएको संवोधनका लागि धन्यवादको प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्दछु ।

माननीय प्रदेश प्रमुख श्री बाबुराम कुँवरज्यूलाई प्रदेशसभा प्रदेश नं. ४ को दोश्रो अधिवेशनलाई २०७५ साल जेठ २५ गतेका दिन गर्नुभएको संवोधनको लागि प्रदेशसभा प्रदेश नं. ४ को यो बैठक माननीय प्रदेश प्रमुख महोदयमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश कर तथा ग्रैरकर राजश्व लगाउने र उठाउने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेशसभा नियमावलीको नियम १०६ बमोजिम प्रदेशसभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यू

माननीय सभामुख महोदय, प्र्देशको समग्र विकासको लागि राजश्य लगाउने तथा उठाउने संवन्धमा कानुनी व्यवस्था गर्न आवश्यक भएकोले प्रदेशसभा सचिवालयमा मिति २०७५ जेठ २१ गते दर्ता भएको प्रदेश कर तथा गै्रकर राजश्व लगाउने र उठाउने संवन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ नेपालको संविधान को धारा १९८ को उपधारा १ र २ तथा प्रदेश नं. ४ र प्रदेशसभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

धन्यवाद ।

## माननीय सभामुखज्यू

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ लाई प्रदेश वित्त व्यवस्थापन विधेयक २०७५ प्रदेशसभा नियमावलीको नियम १०६ बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्यू

माननीय सभामुख महोदय, प्रदेश सरकारबाट स्थानिय तहलाई राजश्व बाडफाँड तथा अनुदान हस्तान्तरण गर्ने संवन्धमा आवश्यक व्यवस्था गर्न आवश्यक भएकोले प्रदेशसभा सचिवालयमा मिति २०७५ साल जेठ २१ गते दर्ता भएको प्रदेश वित्त व्यवस्थापन विधेयक २०७५ नेपालको संविधानको धारा १९८ को उपधारा १ र २ तथा प्रदेश नं. ४ प्रदेशसभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुखज्यू

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ २७ गते दिनको २:०० बजे सम्मको लागि स्थगित हुन्छ ।**